Laxmi Laghubitta Bittiya Sanstha Ltd.
लक्ष्मी लघुवित्त वित्तीय संस्था लि.
Central Office,Maharajgunj, Kathmandu
Tel :014373682, email :info@laxmilaghu.com.np

# UNAUDITED FINANCIAL RESULTS (QUARTERLY)

**As at 2nd Quarter ( 2075/09/30 ) of the Fiscal Year 2075/76** *NPR in '000'*

| S.N. | Particulars | This Quarter Ending | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending |
|---|---|---|---|---|
| **1.0** | **Total Capital and Liabilities ( 1.1 to 1.7)** | **3,367,547** | **3,271,398** | **2,780,021** |
| 1.1 | Paid Up Capital | 242,000 | 242,000 | 242,000 |
| 1.2 | Reserve & Surplus | 184,307 | 160,263 | 156,101 |
| 1.3 | Debenture & Bond | | - | |
| 1.4 | Borrowings | 1,735,742 | 1,680,121 | 1,506,518 |
| 1.5 | Deposits ( a+b ) | 1,098,714 | 1,017,345 | 796,646 |
| | a) Member | 1,098,714 | 1,017,345 | 796,646 |
| | b) Public | | - | |
| 1.6 | Income Tax Liability | 3,753 | 9,339 | 5,053 |
| 1.7 | Other Liabilities | 103,032 | 162,330 | 73,703 |
| **2.0** | **Total Assets (2.1 to 2.7 )** | **3,367,547** | **3,271,398** | **2,780,021** |
| 2.1 | Cash & Bank Balance | 58,512 | 51,447 | 22,898 |
| 2.2 | Money at call and Short Notice | | - | 49,582 |
| 2.3 | Investments | 44,369 | 154,369 | 162,869 |
| 2.4 | Loan & Advances | 3,128,045 | 2,930,710 | 2,430,761 |
| 2.5 | Fixed Assets | 43,639 | 43,989 | 42,322 |
| 2.6 | Non Banking Assets (net) | | - | |
| 2.7 | Other Assets | 92,983 | 90,884 | 71,589 |
| **3.0** | **Profit & Loss Account** | **Up to This Quarter** | **Up to Last Quarter** | **Up to Corresponding Previous Year Quarter Ending** |
| 3.1 | Interest Income | 268,039 | 130,283 | 213,924 |
| 3.2 | Interest Expenses | 131,410 | 64,294 | 96,514 |
| | **A. Net Interest Income ( 3.1-3.2 )** | **136,630** | **65,989** | **117,410** |
| 3.3 | Fees, Commission & Discount | | | |
| 3.4 | Other Operating Income | 41,197 | 20,525 | 25,021 |
| 3.5 | Foreign Exchange Gain & Loss | | | |
| | **B. Total Operating Income ( A+3.3+3.4+3.5 )** | **177,826** | **86,513** | **142,431** |
| 3.6 | Staff Expenses | 69,815 | 35,610 | 49,520 |
| 3.7 | Other Operating Expenses | 18,146 | 8,362 | 14,351 |
| | **C. Operating Profit before Provisions ( B -3.6-3.7 )** | **89,865** | **42,542** | **78,560** |
| 3.8 | Provision for Possible Losses | 13,641 | 6,218 | 9,833 |
| | **D. Operating Profit ( C- 3.8 )** | **76,225** | **36,325** | **68,727** |
| 3.9 | Non Operating Income/Expenses ( Net ) | 17 | 17 | 1,302 |
| 3.10 | Loan Loss Provision Written Back | | | |
| | **E. Profit from Regular Activities ( D+3.9+3.10 )** | **76,241** | **36,341** | **70,029** |
| 3.11 | Extraordinary Income/Expenses (Net) | | - | - |
| | **F. Profit before Bonus and Taxes (E+3.11 )** | **76,241** | **36,341** | **70,029** |
| 3.12 | Provision for Staff Bonus | 6,931 | 3,304 | 6,366 |
| 3.13 | Provision for Taxes | 20,793 | 9,911 | 19,099 |
| | Deferred Tax | | | |
| | **G. Net Profit/ Loss ( F-3.12-3.13 )** | **48,517** | **23,126** | **44,564** |
| **4.0** | **Ratios** | **This Quarter Ending** | **Previous Quarter Ending** | **Corresponding Previous Year Quarter Ending** |
| 4.1 | Capital Fund to RWA | 13.22% | 14.83% | 15.08% |
| 4.2 | Non Performing Loan (NPL) to Total Loan | 1.21% | 0.99% | 1.13% |
| 4.3 | Total Loan Loss Provision to Total NPL | 150.61% | 171.87% | 136.59% |
| 4.4 | Cost of Fund | 10.13% | 9.94% | 9.02% |
| 4.5 | CD ratio (Calculated as per NRB Directives) | 237.63% | 236.73% | 242.43% |

**Note**
1. Figures have been regrouped/rearranged wherever necessary.
2. IIf the statutory audit and supervisory authority notify any remarks to change, unaudited financial statement will be changed accordingly.

| Interest Rate : | | | | |
|---|---|---|---|---|
| **1. Deposit** | 8% - 9.75% | | **2. Loan & Advance** | 12% - 19 % |

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनूसुची १४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित)**

# आ.व. २०७५/७६ को दोश्रो त्रैमासिक अवधिको विवरण

१. **वित्तीय विवरण :**

क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ।

ख) सम्बन्धित पक्ष कारोवार : लक्ष्मी लघुवित्त वित्तीय संस्था लक्ष्मी बैंक लि.को सहायक कम्पनी भएको हुंदा यस वित्तीय संस्थामा लक्ष्मी बैंकको ७०% शेयर स्वामित्व रहेको छ भने ३०% शेयर सर्वसाधारणको रहेको छ। सम्बन्धित पक्षसंगको कारोवार अन्तर्गत यस वित्तीय संस्थाको लक्ष्मी बैंकमा, बैंक मौज्दात र लक्ष्मी बैंकबाट विपन्न वर्ग अन्तर्गत कर्जा तथा ऋण सापट लिएको विवरण तपशिल बमोजिम रहेको छ।

**तपशिलः**

| क.स | लक्ष्मी बैंकमा रहेको मौज्दात (रु.) | लक्ष्मी बैंकबाट प्राप्त कर्जा (रु.) |
|---|---|---|
| १. | ३३,७४,५९४.५५ | १,२४,४२,७५,३३३.७९ |

ग) **प्रमुख वित्तीय अनुपातहरु :**

| प्रति शेयर आम्दानी (वार्षिकिकरण) | मूल्य आम्दानी अनुपात | प्रति शेयर नेटवर्थ | प्रति शेयर कूल सम्पत्तीको मूल्य | तरलता अनुपात |
|---|---|---|---|---|
| रु. ४०.१० | २०.४० | रु. १७६.१६ | रु. १३९१.५५ | ७.८१% |

२ **ब्यवस्थापकीय विश्लेषणः**

क) **त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धी विवरणः** कारोवारको बृद्धि संगै बैंकको मौज्दात, आम्दानी र तरलतामा सन्तोषजनक रुपमा बृद्धि भएको छ।

ख) **आगामी अवधिको ब्यवसायिक योजना सम्बन्धमा ब्यवस्थापनको विश्लेषणात्मक विवरण :**
राष्ट्रिय स्तरको यस लघुवित्त वित्तीय संस्थाले स्थापनाको शुरु देखि नै वित्तीय पहुच अभिबृद्धि गराई नेपालको गरिवी घटाउने, वित्तीय समावेशीकरण बढाउने उद्धेश्यले नेपाल भरी नै लघुवित्त सेवा प्रदान गर्ने अठोटका साथ अगाडि बढिरहेको छ । हाल देशका विभिन्न स्थानहरुमा ६२वटा शाखा कार्यालय मार्फत ७३८३९विपन्न परिवारको घरमा लघुवित्त सेवा प्रदान गरिरहेको छ। लक्ष्मी बैंकको सहायक कम्पनीको रुपमा स्थापित यस संस्थाले नविनतम प्रविधिको प्रयोग गरी छिटो छरितो र विश्वसनीय सेवा प्रदान गर्दै कार्यक्रम विस्तारमा अग्रसर रहेको छ। संस्थाले कृषि, पशुपालन सेवा ब्यवसाय तथा लघु उद्यम जस्ता ब्यवसायहरु संचालनको लागि विशेष गरी महिलालाई केन्द्रित गरेर लघुवित्त सेवा उपलब्ध गराउदै आएको छ। समय सापेक्ष ग्राहकको चाहना अनुसार सेवा तथा सुविधाहरुमा परिष्कृत गर्दै लैजान ब्यवस्थापन प्रतिवद्ध रहेकोछ । चालु आर्थिक बर्ष २०७५/७६ मा वित्तीय पहुच नपुगेका ग्रामीण क्षेत्रहरुमा शाखा विस्तार गरी अझ प्रभावकारी रुपमा सेवा तथा सुविधाको विस्तार गर्ने लक्ष्य रहेको छ।

ग) **विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण :**
बर्तमान अवस्थामा लघुवित्त क्षेत्रको लागि श्रोतको परनिर्भरता र अपर्याप्तता, लघुवित्त संस्थाले लिने ब्याजदर सम्बन्धमा नेपाल राष्ट्र बैंकको निर्देशन, प्राप्त ऋण सापटीमा तिर्नु पर्ने ब्याजदरमा अत्यधिक बृद्धि, लघुवित्त संस्थाहरुमा देखिएको कर्जाको दोहोरोपना,अस्वस्थ प्रतिस्पर्धा आदि कारणले संस्थालाई असर पर्न सक्छ तथापि संस्थाले तय गरेको कुशल नीतिका कारण गम्भीर समस्या ब्यहोर्नु परेको छैन।

३. **कानुनी कारवाही सम्बन्धी विवरण :**

क) त्रैमासिक अवधिमा संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको छैन र त्यस्तो कुनै सूचना प्राप्त भएको पनि छैन।

ख) यस संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन।

ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन।

४) **संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण :**

क) दोश्रो बजारमा हुने शेयर सम्बन्धी कारोवार नेपालको राजनैतिक अवस्था, नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकको नीति तथा अन्य कारणहरुले धितोपत्र बजारलाई असर पारी मूल्यमा उचार चढाव आएता पनि यस वित्तीय संस्थाको शेयर कारोवार सन्तोषजनक नै रहेको छ।

ख) नेपाल स्टक एक्सचेन्जको वेभसाइट अनुसार गत त्रैमासिक अवधिमा यस संस्थाको शेयरको कारोवार निम्न अनुसारले भएको देखिन्छ।

| अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोवार दिन | कारोवार संख्या |
|---|---|---|---|---|
| रु.९०१ | रु.६७३ | रु.८१८ | ५४ | ५०६ |

५. **समस्या तथा चुनौती :**
लघुवित्त संस्थाहरुको स्थापना, संचालन हुने क्रम जारी रहेको अवस्था र ती सबै संस्थाहरुको लक्षित वर्ग तथा क्षेत्र पनि अन्य लघुवित्त संस्थाहरु संचालित क्षेत्रहरु नै रहेको हुंदा संस्थाहरु बीच अस्वस्थ प्रतिस्पर्धा एबं कर्जा लगानीमा दोहोरोपना हुने संभावनाका साथ काम गर्नु पर्ने अवस्था रहेको छ। कर्जा लगानीको लागी श्रोतको अनिश्चितता र अपर्याप्तता तथा न्यून स्प्रेडमा काम गर्नु पर्ने अवस्था पनि हाल आएर समस्याको रुपमा देखा परेको छ।

६. **संस्थागत सुशासन :**
संस्थाले नेपाल राष्ट्र बैंकबाट जारी संस्थागत सुशासन लगायतका निर्देशनहरु पालना गर्नुका साथै प्रचलित ऐनहरु कम्पनी ऐन २०७३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, नेपाल राष्ट्र बैंक ऐन २०५८, धितोपत्र ऐन २०६३ तथा आयकर ऐन २०५८ पालना गरिएको छ। संस्थाको प्रवन्धपत्र नियमावली, कर्मचारी सेवा बिनियमावली, आर्थिक प्रशासन विनियमावली, ब्यवस्थापन सूचना प्रणली, सम्पत्ति दायित्व ब्यवस्थापन नीति, लगानी नीति, जोखिम ब्यवस्थापन नीति , लेखापरीक्षण नीति लगायतका नीति तथा निर्देशिकाहरु तयार गरि कार्यान्वयन मा ल्याईएको छ। संस्थाले आफ्नो कारोवारको चुस्त दुरुस्त, छिटो छरितो, पारदर्शी तथा आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन संचालक समिति तथा ब्यवस्थापन तहमा लेखा परिक्षण समिति,जोखिम ब्यवस्थापन समिति, कर्मचारी सेवा सुविधा समिति, सम्पत्ति दायित्व ब्यवस्थापन समिति, लगायतका समितिहरु गठन गरिएकोछ।

७. **सत्य तथ्य सम्बन्धमा कार्यकारी प्रमुखको उदघोषण :**
आजका मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म ब्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उदघोष गर्दछु कि मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित गर्ने तथा निर्णय लिन आवश्यक कुनै विवरण, सुचना तथा जानकारीहरु लुकाईएको छैन्।